# कोचिङ्ग कक्षा/शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका

## २०६३

नेपाल सरकार
**शिक्षा तथा खेलकुद मन्त्रालय**
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर

## विषय-सूची


| सि.नं | विषय | पेज नं. |
| --- | --- | --- |
| १. | शिक्षण सहयोग केन्द्र/कोचिङ्ग कक्षा अनुमति वा सम्वन्धी व्यवस्था | १-२ |
| २. | विद्यार्थी नाम दर्ता परीक्षा र अभिलेख सम्वन्धी व्यवस्था | ३ |
| ३. | शुल्क एवं निशुल्क शिक्षण सम्वन्धी व्यवस्था | ४ |
| ४. | शिक्षक सम्वन्धी व्यवस्था | ४ |
| ५ | दण्ड सजाय सम्वन्धी व्यवस्था | ५ |
| ६. | विविध | ५ |

# कोचिङ्ग कक्षा/शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका, २०६३

**प्रस्तावना:** गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यार्थी तथा अभिभावकको चाहनालाई सहयोग पुऱ्याउनका लागि खोलिएका शिक्षण सहयोग केन्द्र र कोचिङ्ग कक्षालाई कानुनी दायरामा ल्याई व्यवस्थित रूपले व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुँदा शिक्षा नियमावली, २०५९ को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द, २०६३" रहेकोछ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनु पर्छ ।

(ग) "शिक्षण सहयोग केन्द्र" (Tuition Center) भन्नाले कुनै व्यक्ति वा संस्थाले विद्यार्थीहरूको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले खोलिएको शिक्षण गर्ने संस्थालाई सम्झनुपर्छ ।

(घ) "कोचिङ्ग कक्षा भन्नाले" शिक्षा नियमावलीको नियम ५२ बमोजिम विद्यालयमा अध्ययन नगरेका वा अध्ययन गरी बिचैमा छोडेका पुन : अध्ययन गर्न चाहने बालबालिकाका लागि विद्यमान पाठ्यक्रमलाई आधारमानी शैक्षिक कार्यक्रम सञ्चालनार्थ कुनै व्यक्ति वा संस्थाले स्थापना गरेको शैक्षिक संस्थालाई सम्झनुपर्छ ।

(ङ) "सञ्चालक" भन्नाले शिक्षण सहयोग केन्द्र वा कोचिङ्ग कक्षा सञ्चालन गर्ने व्यक्ति वा संस्था लाई जनाउँछ ।

# परिच्छेद -२

## शिक्षण सहयोग केन्द एवं कोचिङ्ग कक्षा अनुमति सम्वन्धी व्यवस्था

३. **अनुमति सम्वन्धी व्यवस्थाः-** (१) कुनै व्यक्ति वा संस्थाले शिक्षण सहयोग केन्द्र एवम कोचिङ्ग कक्षा सञ्चालन गर्न चाहेमा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र कक्षा सञ्चालन सम्बन्धी प्रस्ताव (सञ्चालनको उद्धेश्य, भौतिक पूर्वाधार, भवन, कक्षा कोठाको उपयुक्तता, शैक्षिक साम्रगी, फर्निचर, खानेपानी, शौचालय को व्यवस्था शिक्षक, सञ्चालन गर्ने स्थान आदि) उल्लेख गरी तोकिएको ढाचामा जिल्ला शिक्षा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) जिल्ला शिक्षा कार्यालयले प्राप्त निवेदन का सम्वन्धमा कर्मचारीबाट स्थलगत जाचबुझ् गरी तोकिएको पूर्वाधार पुरा भएको अवस्थामा यसै साथ संलग्न ढाँचामा कक्षा सञ्चालन अनुमति प्रदान गर्नुपर्नेछ ।

(३) अनुमति माग गरेका शिक्षण सहयोग केन्द एवं कोचिङ्ग कक्षाको स्थलगत निरीक्षणबाट तोकिएको पूर्वाधार पूरा गरेको देखिएमा अनुमति प्रदान गर्दा कोचिङ्ग कक्षाको लागि न्यूनतम रु.५०,००० (अक्षरुपी पचासहजार मात्र) र शिक्षण सहयोग केन्द्रको हकमा रु. १५,०००।- (अक्षरुपी पन्ध्र हजार) रकम धरौटी स्वरूप राख्नुपर्नेछ । यसरी राखेको धरौटी रकम मुद्दति खातामा राख्नुपर्नेछ । सो खाताको सञ्चालन जिल्ला शिक्षा अधिकारीले तोकेको कर्मचारी र सञ्चालकको संयुक्त दस्तखतबाट हुनेछ । यसरी धरौटी राखिएको रकम सञ्चालित संस्था बन्द गर्नुपर्ने भएमा सञ्चालकले आवेदन गरेमा नियमानुसार सम्बन्धित सञ्चालकलाई फिर्ता गरिनेछ ।

(४) सञ्चालनमा रहेको कुनै कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रले दुवै कार्यक्रम राख्न चाहेमा तोकिएको पूर्वाधार पुऱ्याई उप-दफा (१) मा उल्लिखित प्रकृया पूरा गरी दुवै कार्यकम संचालन गर्न अनुमति प्रदान गर्न सकिनेछ । यसरी थप कार्यक्रमको अनुमति लिँदा धरौटी बापत एकमुष्ट रकम रु ६५,०००।- (अक्षरुपी पैसठ्ठी हजार ) राख्नुपर्नेछ ।

(५) प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखापरीक्षक द्वारा लेखा परीक्षण गराई प्रत्येक वर्षको आश्विन मसान्तसम्म नियमानुसार नवीकरण गर्नुपर्नेछ ।

(६) कुनै अनुमति पत्र प्राप्त कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रको नाम संग मिल्ने गरी पुनः अर्को संस्था दर्ता गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्रदान गरिने छैन ।

(७) कुनै कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र दुई वा दुईभन्दा बढी संस्था गाभी एउटै कायम गर्ने चाहेमा वा साविकको नाम परिवर्तन गर्नुपरेमा वा विषेश परिस्थिति



उत्पन्न भई साविक स्थानवाट सार्नपर्ने अवस्था विद्यामान भएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय बाट अनुमति लिई गर्न सकिनेछ ।

(८) अनुमति दिएको संस्थाको अभिलेख सम्बन्धित जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालय मा अद्यबधिक गर्नुपर्नेछ ।

# परिच्छेद -३

## विद्यार्थीको नाम दर्ता, परीक्षा र अभिलेखसम्बन्धी व्यवस्था

४. **विद्यार्थीको नाम दर्ता, परीक्षा र अभिलेख राख्नुपर्ने:** (१) कोचिङ्ग कक्षामा विद्यार्थी भर्ना हुनका लागि अनुसूची - २ मा उल्लेख भएबमोजिमको भर्ना फारम भर्नुपर्नेछ ।

(२) भर्ना हुने विद्यार्थीले कम्तीमा आफू जुन तहको परीक्षाको तयारीको लागि अध्ययन गर्न चाहेको हो त्यसभन्दा २ कक्षा तलको कक्षा उर्तीण गरेको प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

(३) यसरी भर्ना हुने विद्याथीहरूको भर्ना फारमको समष्टिगत विवरण तयार गरी प्रत्येक वर्षको कार्तिक मसान्तभित्र अध्यापन गराउने संस्थाले सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा अनिवार्य रूपमा बुझाउनुपर्दछ ।

(४) शिक्षण सहयोग केन्द्रमा अध्ययन गर्ने विद्यार्थीहरूले भर्ना फारम अनिवार्य रूपमा भर्नुपर्ने र यसको समष्टिगत विवरण प्रत्येका वर्ष पौष मसान्तसम्ममा अनिवार्य रूपमा जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्नेछ ।

(५) जिल्लास्तरीय परीक्षा र एस.एल.सी. परीक्षामा समावेश हुनपर्ने विद्यार्थीको हकमा सम्बन्धित परीक्षा लिने संस्थाले भराउने रजिष्ट्रेशन र आवेदन फाराम ती परीक्षा सञ्चालन गर्ने निकायले तोकेअनुसार नै हुनेछ ।

(६) एस.एल.सी. मा सम्मिलित हुने विद्यार्थीको हकमा टेष्ट परिक्षा/प्राइवेट परिक्षार्थीको लागि भएको विद्यमान व्यवस्थाबमोजिम हुनेछ र विद्यार्थीको रजिष्ट्रेशन तथा आवेदन फारमहरू सम्बन्धित संस्थाको प्रमुखले प्रमाणित गरी पठाउनु पर्नेछ ।

# परिच्छेद -४

## शुल्क सम्वन्धी एवं निशुल्क शिक्षण व्यवस्था

५. **शुल्क सम्बन्धी व्यवस्था:** सम्बन्धित संस्थाले विद्यार्थीसँग लिने शुल्कको प्रस्ताव जिल्ला शिक्षा कार्यालयमा पेस गरी जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत गरे वमोजिमको रकम मात्र लिनुपर्नेछ तर अनुगमन तथा अन्य व्यवस्थापनका लागि लाग्ने खर्चसम्वन्धी व्यवस्था जिल्ला शिक्षा समितिबाट तोकिएबमोजिम हुनेछ ।

६. **नि:शुल्क शिक्षण व्यवस्था:** जिल्ला शिक्षा कार्यालयले सिफारिस गरेमा अपाङ्ग , महिला, दलित, अति पिछिडिएका जाति तथा गरिबीको रेखामुनी रहेका व्यक्तिलाई कुल विद्यार्थी संख्याको ५% (पाँच प्रतिशत) विद्यार्थी लाई सम्वन्धित संस्थाले नि:शुल्क पढाउनुपर्नेछ ।

# परिच्छेद -५

## शिक्षक सम्वन्धी व्यवस्था

७. **शिक्षक व्यवस्था:** (१) कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्रको प्रमुखको शैक्षिक योग्यता न्यूनतम स्नातक तह उतीर्ण गरेको हुनुपर्नेछ ।

(२) शिक्षकको शैक्षिक योग्यता सम्वन्धित तहको सम्वन्धित विषयको शिक्षककोलागि तोकिएको शैक्षिक योग्यता हुनुपर्नेछ ।

(३) कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालकले करारनामा गरी आवश्यकताअनुसार शिक्षक व्यवस्था गर्नुपर्नेछ । सो करारनामामा उल्लेख भएबमोजिमको रकम संम्वन्धित शिक्षकलाई उपलब्ध गराउनुपर्नेछ ।

# परिच्छेद -६

## दण्ड सजाय सम्बन्धी व्यवस्था

८. **दण्ड सजाय :** (१) यस निर्देशिकामा उल्लिखत सर्तहरु पालना नगरेमा शिक्षा ऐन, २०२८ को दफा १७ बमोजिम कारबाही हुनेछ ।

(२) कुनै सञ्चालकले कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्दा नियमानुसार कक्षा सञ्चालन नगरी ठगी बेपत्ता भएमा प्रचलित कानुनबमोजिम कारबाहीको लागि जिल्ला शिक्षा कार्यालयले सम्बन्धित जिल्ला प्रशाशन कार्यालयमा लेखी पठाउनुपर्नेछ ।

# परिच्छेद -७

## बिविध

९. **बिविध:** (१) कुनै पनि संस्थाले सामुदायिक विद्यालयको भवन प्रयोग गरी कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्न सामान्यतया पाइने छैन । तर विद्यालयको पठनपाठन अवरोध नहुनेगरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई तोकिएबमोजिमको बहाललिई लिई निश्चित अवधिका लागि सञ्चालन गर्न दिन सकिनेछ ।

(२) कक्षा सञ्चालन अनुगमन, निरीक्षण, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग,. क्षेत्रीय शिक्षा निर्देशनालय वा जिल्ला शिक्षा कार्यालय मार्फत समय समयमा गरिनेछ ।

(३) कोचिङ्ग कक्षा र शिक्षण सहयोग केन्दको षट्कोणभित्र बलिरहेको दियो अंकित आफ्नै छुट्टै छाप हुनेछ ।

अनुसूची - १
(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

विषय :_कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन अनुमति सम्बन्धमा ।

श्री ........................
............................. ।

तपाईले / त्यस संस्थाले मिति ..................... मा कोचिङ्ग कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्ने सम्बन्धमा दिइएको निवेदनउपर कारबाही हुदा यस कार्यालयको मिति .................. को निर्णयवमोजिम ..........................................गा.वि.स न.पा. ..........................वडा नं.......मा ........................................कक्षा/केन्द्र सञ्चालानार्थ अनुमति प्रदान गरिएको छ।

कार्यालयको छाप

स्वीकृती प्रदान गर्ने अधिकारीको
सही
नाम
पद
कार्यालको नाम
मिति

अनुसूची - २

( दफा ४ को उपदफा (१) संग संम्वन्धित )

## विद्यार्थी भर्ना विवरण फारम

१. शिक्षण सहयोग केन्द्र/कोचिङ्ग कक्षाको कोड नं. :-

(१) शिक्षण सहयोग केन्द्र/कोचिङ्ग कक्षा को नाम :-

| | | | |
|---|---|---|---|
| जिल्ला :- | गा.वि.स./न.पा. | वडा नं. : | टोल : |

**२. विद्यार्थीको नामथर :**

| | | | | |
|---|---|---|---|---|
| क) लिङ्ग : | ख) जन्म मिति : | ग) जाति : | दलित भए : | जनजाति भए |

| | | |
|---|---|---|
| धर्म :- | ङ) विद्यालय भर्ना गरेको साल ........... ..कक्षा......... | च) हाल अध्ययनरत कक्षा : |

| | | |
|---|---|---|
| छ) समूह :- | ज) रोल नं. : | झ) विद्यार्थी नम्बर : |

| | | | |
|---|---|---|---|
| ञ) जन्म दर्ता : | भएको : | नभएको : | ट) मातृभाषा : |

**३) शारीरिक स्थिति :**

| | | | |
|---|---|---|---|
| (क) स्वस्थ :- | (ख) अपाङ्ग :- | अपांग भए सामान्य :- | विशेष :- |
| बिशेष अपांग भए | क) शारीरिक :- | ख) आंखा कम देख्ने :- | ग) आँखा पूरै नदेख्ने :- |
| घ) कान कम सुन्ने | ङ) कान पूरै नसुन्ने :- | च) सुस्त मनःस्थिति, सामान्य :- | विशेष :- |
| छ) वहु अपांगता | ज) मानसिक असन्तुलन : | | |

**४) बाबु तथा आमाको नाम**

| बाबुको नाम | पेशा | नागरिकता | शिक्षाको स्तर | आमाको नाम | पेशा | नागरिकता | शिक्षाको स्तर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | |
|---|---|---|---|
| ५) स्थायी ठेगान : जिल्ला : | गा.वि.स./न.पा. | वडा : | टोल : |
| ६) हाल विद्यार्थी बसिरहेको ठेगाना ............. जिल्ला .......... | गा.वि.स./न.पा. | वडा : | टोल : |



**७) स्थायी ठेगानाबाहेक अन्यत्र बसेको भए कोसँग बसेको :**

| क) आमा बाबु | ख) बाबु | ग) आमा | घ) दाजु दिदी | ङ) अन्य अभिभावक | च) आफन्त |
|---|---|---|---|---|---|
| | | | | | |

<table>
<tr><td>८) आफ्नो बाबु आमाबाट जन्मेका दाजुभाइ संख्या :-</td><td>दिदी बहिनी संख्या :-</td><td>दाजुभाई तथा दिदी :-</td></tr>
<tr><td>बहिनीमध्ये आफ्नो कतिऔं नम्बरमा पर्ने हो उल्लेख गर्ने :-</td><td colspan="2">जम्मा परिवार संख्या :-</td></tr>
<tr><td colspan="3">९) शिक्षा नियमावली २०५९ को नियम १५२ अनुसार घर परिवारको आय स्थितिबारे वि.व्य.स. को राय :-</td></tr>
<tr><td>निशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि उल्लेखित बालक/बालिकाको आय स्तर तोकिएको सिमामा रहेको :-</td><td>माथि रहेको :-</td><td>तल रहेको :-</td></tr>
</table>

---

*नोट : शिक्षा नियमावली २०५९ को नियम, १५२ अनुसार निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने प्रयोजनको लागि गरिवीको रेखामुनी रहेका विद्यार्थी भन्नाले दलित, जनजाति महिला लगायत अन्य व्यक्तिको परिवारको माथि उल्लेख गरे बमोजिम भएको भनी सम्वन्धित वडाको सिफारिसमा गाउँ विकास समिति वा न.पा. ले सिफारिस गरेबमोजिम विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयलाई जनाउँछ ।*

---

फाराम भर्ने विद्यार्थीको नाम : ................................................... ................हस्ताक्षर .............

शिक्षण सहयोग केन्द्र/कोचिङ्ग सेन्टरको प्रमुखको नाम थर : ................................हस्ताक्षर .............

केन्द्रको छाप : ...........................

मिति : ............................

